# क्यानेडियन मानसिक स्वास्थ्य संघ वाटरलु वेलिंगटन डफरिन (Canadian Mental Health Association Waterloo Wellington Dufferin)

## सि.एम.एच.ए.डब्लु.डब्लु.डी. (CMHAWWD) बारे

क्यानाडामा रहेका ठूला सि.एम.एच.ए. (CMHA) का शाखाहरुमध्ये सि.एम.एच.ए. वाटरलु-वेलिंगटन-डफरिन (CMHA Waterloo-Wellington-Dufferin) एउटा हो । यस संस्थाले ११ वटा ठाउँमा आफ्ना सेवाहरु प्रदान गर्छ । यसमा लगभग ३५० जना कर्मचारीहरु कार्यरत छन् र यहाँ उपलब्ध विभिन्न प्रकारका दर्जनौं कार्यक्रम र सेवाहरुले वच्चादेखि युवा, वयस्क र वृद्ध सबैलाई सहयोग गर्छ । यी कार्यक्रमबारे जानकारी राख्न र मानसिक स्वास्थ्य संवर्धन तथा शैक्षिक सेवाहरुबारे बुझ्न www.cmhawwd.ca को वेबसाइटमा हेर्नुहोस् ।

## कार्यक्रम/सेवाहरु कसरी लिन सकिन्छ ?

धेरैजसो सि.एम.एच.ए.डब्लु.डब्लु.डी.(CMHAWWD) का कार्यक्रम/सेवाहरु हियर ट्वेन्टीफोर सेभेन (Here 24/7) को माध्यमबाट लिन सकिन्छ । हियर ट्वेन्टीफोर सेभेन (Here 24/7) नै हाम्रो सम्पूर्ण क्षेत्रमा रहेको दुर्व्यसन, मानसिक स्वास्थ्य र संकट सम्बन्धी सेवाहरु लिने मूल ढोका हो । तपाईंका निम्ति कस्ता कार्यक्रमहरु उपलब्ध छन् भन्ने जानकारी लिन हियर ट्वेन्टीफोर सेभेन (Here 24/7) लाई कृपया १-८४४-HERE-२४७ (२३६-३२४७) मा फोन गर्नुहोस् अथवा www.here247.ca को वेबसाइटमा हेर्नुहोस् ।

हामी फ्रेन्च भाषामा पनि सेवाहरु प्रदान गर्दछौं! यी सेवाहरु प्राप्त गर्न वा बढी जानकारी लिनको लागि कृपया १-८४४-CMHAWWD (२६४-२९९३) इएक्सटी (ext) २०८० मा फोन गर्नुहोस् । ७ देखि १८ बर्षसम्म उमेर पुगेकाहरुलाई फ्रेन्च भाषामा सेवाहरु लिन कृपया १-८००-४७१-१७३२ इएक्सटी (ext) २४०९ मा फोन गर्नुहोस् । हाम्रा विभिन्न सेवाहरु सहज रुपमा उपलब्ध गराउन हामी प्रतिबद्ध छौं र यसका लागि दोभाषे उपलब्ध गराउनेछौं । तपाईंलाई कुन भाषामा सेवा चाहिन्छ, हामीलाई जानकारी दिनुहोस्!

## हियर ट्वेन्टीफोर सेभेन (Here 24/7)

**हियर ट्वेन्टीफोर सेभेन (Here 24/7)** भनेको दुर्व्यसन, मानसिक स्वास्थ्य र संकट सम्बन्धी सेवाहरु लिने मूल ढोका हो । यी सेवाहरु वाटरलु-वेलिंगटन-डफरिन (Waterloo-Wellington-Dufferin) मा रहेका १२ वटा संस्थाहरुले प्रदान गर्दछन् । तपाईंले खालि हामीलाई सम्पर्क गर्नुहोस् । हामीले यी उपयोगी कार्यक्रमहरु सन्चालन गर्दा शुरुका प्रक्रिया जस्तै इनटेक (Intake) 'विवरण भर्ने', मूल्यांकन (assessment) गर्ने, रिफरल (referral) गर्ने, संकट (crisis) समाधान गर्ने, वेटलिस्ट (waitlist) बनाउने र भेट (appointment) को मिति तोक्ने कामहरु गर्दछौं । हाम्रो काम तपाईंलाई बाटो देखाउनु, तपाईको आवश्यकताको पहिचान गर्नु र ती आवश्यकता अनुरुपका सेवाहरु लिन तपाईलाई मद्दत गर्नु हो । यी कार्यक्रमहरुले तपाईंलाई आशावादी भई आफ्नो उपचारमा ध्यान दिने मौका दिन्छ । यदि तपाईंलाई कुनै किसिमको समस्या आइपरेमा हामीसंग सम्पर्क गर्नुहुनेछ भन्ने आशा राख्दछौं ।

सि.एम.एच.ए. (CMHA) ले ओन्टेरियो (Ontario) को स्वास्थ्यसम्बन्धी गोपनीयताको मापदण्डलाई पालना गर्छ । व्यक्तिगत गोपनीयताको बारेमा बढी जानकारी लिन www.cmhawwd.ca/privacy को वेबसाइटमा हेर्नुहोस् ।

Canadian Mental Health Association
Waterloo Wellington Dufferin

Association canadienne pour la santé mentale
Waterloo Wellington Dufferin